## नेपाल राष्ट्र बैंक
## राष्ट्रऋण व्यवस्थापन विभाग
### थापाथली, काठमाडौं

### नागरिक बचतपत्र २०८० निष्कासन सम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्रऋण व्यवस्थापन विभागद्वारा देहाय बमोजिमका विशेषता एवम् व्यवस्था कायम गरी नागरिक बचतपत्र २०८० निष्कासन गरिने भएकोले इच्छुक नेपाली नागरिकहरुले बचतपत्र खरिद गर्नको लागि आवेदन दिनुहुन अनुरोध छ ।

**१. विशेषताहरु**

| | | |
|---|---|---|
| (क) बचतपत्रको नाम | : | नागरिक बचतपत्र २०८० (५ वर्षे) । |
| (ख) निष्कासन हुने रकम | : | रु. २ अर्ब (दुई अर्ब रुपैयाँमात्र) । |
| (ग) वार्षिक ब्याजदर | : | ९ प्रतिशत (ब्याजकर लाग्ने) । |
| (घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा हुने । |
| (ङ) खरिद गर्न पाउने सीमा | : | घटिमा दश हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा नि:शेष भाग जाने अंकमा । |
| (च) लगानी (खरिद) कर्ता | : | नेपाली नागरिकले मात्र खरिद गर्न सक्ने । |
| (छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने । |

**२. बिक्री, निष्कासन र साँवा भुक्तानी**

| | | |
|---|---|---|
| (क) बिक्री खुला हुने अवधि | : | २०७५ जेठ २ गतेदेखि जेठ २२ गतेसम्म । |
| (ख) निष्कासन मिति | : | २०७५ जेठ २८ गते । |
| (ग) साँवा भुक्तानी मिति | : | २०८० जेठ २८ गते । |

**३. अन्य व्यवस्था**

| | | |
|---|---|---|
| (क) आवेदन फारम | : | आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकका काठमाडौं उपत्यका बाहिरका कार्यालयहरुबाट नि:शुल्क पाइने । यस बैंकको वेब साइट www.nrb.org.np मा Public Debt बाट डाउनलोड पनि गर्न सकिने । |
| (ख) आवेदन फारम बुझ्ने कार्यालयहरु | : | यो नागरिक बचतपत्रको आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाडौं उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरुमा बुझाउन सकिने । (बजार निर्माताहरुको सूची यस बैंकको वेबसाईट http:// www .nrb.org.np मा Public Debt अन्तर्गत उपलब्ध रहेको) |
| (ग) ब्याज भुक्तानी लिने स्थान | : | आफूलाई पायक पर्ने वाणिज्य बैंकहरु, बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाडौं उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरु । |
| (घ) खण्डित अवधिको ब्याज | : | खरिदको लागि रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने । |
| (ङ) बचतपत्रको किसिम | : | स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिने । स्टक वा प्रमिशरी नोट मध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने । लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र उपलब्ध गराइने । |
| (च) आवेदन साथ पेश गर्नुपर्ने कागजात | : | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नाबालकको नाममा बचतपत्र खरिद गर्ने भएमा संरक्षकको नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने । लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन साथ उपरोक्त कागजातका अलावा आफ्नो २ प्रति पासपोर्ट साईजको फोटो समेत पेश गर्नुपर्ने । |
| (छ) अस्वीकृत आवेदनकर्ताको रकम भुक्तानी | : | रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रकम बिना ब्याज निष्कासन मितिको ७ दिनभित्र फिर्ता गरिने । |
| (ज) बाँडफाँट सम्बन्धी व्यवस्था | : | खुला बजार संचालन समितिको निर्णय बमोजिम हुने । |

(झ) थप जानकारी : यस विषयमा थप जानकारीको लागि राष्ट्रऋण व्यवस्थापन विभाग वा बजार निर्माताहरु वा नेपाल राष्ट्र बैंकका काठमाडौं उपत्यका बाहिरका कार्यालयहरुमा सम्पर्क राख्न हुन वा यस बैंकको वेबसाइट http://www.nrb.org.np मा Public Debt भित्र हेर्नु हुन वा फोन नं. ०१-४१०१७१२ वा ०१-४१०१७०९ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नोटः यसै सूचनालाई आधार मानी नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालय र सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न यस बैंकबाट इजाजतपत्र लिएका बजार निर्माताहरुले उक्त बचतपत्रको बिक्री वितरण बैंकको वेबसाइटमा राखिएको नागरिक बचतपत्रको बिक्री प्रक्रिया अनुसार गर्न गराउन हुन अनुरोध छ ।